आज मिति २०७७ साल आषाढ ०८ गते आईतवारको दिन दिउसो ३:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| ११. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १३. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १४. | श्री लाल वहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १५. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | | |
| १६. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १७. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १८. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| १९. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २०. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २१. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २२. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २३. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |

मिति : २०७७।०३।०८ गतेको नगर कार्यपालिकाको वैठकको निर्णय

## प्रस्तावहरु

१. नलगाड नगरपालिकाको आर्थिक विधेयक, २०७७ सम्वन्धमा ।

२. आर्थिक वर्ष २०७७।७८ को बजेट बक्तव्य सम्वन्धमा ।

३. नलगाड नगरपालिकाको विनियोजन विधेयक, २०७७ सम्वन्धमा ।

४. निर्माणाधिन आयोजनाहरुको बजेट फ्रिज नहुने व्यवस्थाको लागि अनुरोध सम्वन्धमा ।

५. योजनाहरुको नाम संसोधन गर्ने सम्वन्धमा ।

६. योजनाको रकमान्तर गरी कार्यान्वयन गर्ने सम्वन्धमा ।

७. लागत अनुमान तथा डिजाईन संसोधन गर्ने सम्वन्धमा ।

८. नलगाड नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम सम्वन्धमा ।

९. वार्षिक विकास कार्यक्रम स्वीकृति गर्ने सम्वन्धमा ।

१०. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सम्वन्धमा ।

## निर्णयहरु

निर्णय नं. १ :

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, कर्णाली प्रदेश सरकारको आर्थिक ऐन २०७७, नेपाल सरकारवाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, स्थानीय राजश्व परामर्श समितिको प्रतिवेदन लगायतको आधारमा नलगाड नगरपालिकाको अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक नलगाड **नगपालिकाको आर्थिक विधेयक, २०७७** पारित गरि स्वीकृतिको लागि नलगाड नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २ :

नलगाड नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय, नलगाड नगर कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को वार्षिक खर्चको विवरण, स्थानीय आवश्यकता तथा प्राथमिकता, विभिन्न विषयगत समितिहरुको सुझावको आधारमा आर्थिक वर्ष २०७७।७८ मा रु. **४९,८०,००,०००।०** अक्षरुपी उनान्पचास करोड असी लाखको बजेट सीमा भित्र रहि वार्षिक योजना तथा कार्यक्रम सहितको **बजेट बक्तव्य** पारित गरि स्वीकृतिको लागि नलगाड नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ३ :

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, राजनैतिक दल, कर्मचारीहरुको सुझाव, विभिन्न विषयगत समितिहरुको सुझाव, बजेट तथा कार्यक्रम तर्जुमा समितिको सुझाव, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सुझाव, नेपाल सरकारको मार्गदर्शन, कर्णाली प्रदेश सरकारको मार्गदर्शन लगायतको आधारमा तयार गरिएको **नलगाड नगरपालिकाको विनियोजन विधेयक, २०७७** पारित गरि स्वीकृतिको लागि नलगाड नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ४:

नलगाड नगरपालिकामा कार्यान्वयन हुने गरी आर्थिक वर्ष २०७६।७७ मा नेपाल सरकार र प्रदेश सरकारको (सर्शत अनुदान, समपुरक अनुदान र विशेष अनुदान) बाट स्वीकृत आयोजनाहरु नियमानुसार सम्झौता भई कार्यप्रारम्भ भएको अवस्थामा कोभिड-१९ को कारण मुलुकमा लकडाउन (वन्दावन्दी) भई भौगोलिक रुपमा विकट यस नगरपालिकामा आयोजनाहरुको निर्माण सामाग्रीहरु आपुर्ति हुन नसक्दा निर्माणाधिन आयोजनाहरु २०७७ आषाढ मसान्तसम्म कार्य सम्पन्न हुन नसक्ने अवस्था देखिएकोले निर्माणाधिन आयोजनाहरुको निर्माण कार्यसम्पन्न नहुन्जेल सम्म बजेट फ्रिज नहुने व्यवस्थाको लागि नेपाल सरकार र कर्णाली प्रदेश सरकारसंग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय

... बहादुर रावत
... प्रमुख

निर्णय नं. ५:

नलगाड नगरपालिकामा कार्यान्वयन हुने गरी आर्थिक वर्ष २०७६।७७ मा समानीकरण अनुदान र प्रधानमन्त्री रोजगार कार्यक्रमबाट बजेट विनियोजित तपशिल बमोजिमको आयोजनाहरुको नाम संसोधन गरी कार्यान्वयन गर्नै सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.सं | साविकको योजनाको नाम | संसोधितको योजनाको नाम | स्थान | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | साल्धारा बफेलगाउँ सडक निर्माण योजना | घर्ति खोरिया देखि हिरे कामीको घर हुदै बफेलगाउँ, गुम्थले गुफासम्म घो.वा. निर्माण योजना | वडा नं. ७ | ९,००,००० | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| २. | जानकी मा.वि. मैदे छाना मर्मत योजना | जानकी मा.वि. मैदे फर्निचर निर्माण योजना | वडा नं. ८ | १,४०,००० | |
| ३. | पिउलीखोला तल्लो पिउली घोरेटो बाटो निर्माण योजना | पिउलीखोला तल्लो पिउली काठेपुल निर्माण योजना | वडा नं. ६ | २,००,००० | |
| | जम्मा रु | | | १२,४०,००० | |

निर्णय नं. ६ :

नलगाड नगरपालिका वडा नं. १३ को सिउन सामुदायिक स्वास्थ्य केन्द्र भवन निर्माण योजना नेपाल सरकारबाट प्राप्त विशेष अनुदानबाट निर्माण कार्यको प्रारम्भ भएकोले उक्त योजनाको लागि आ.व. २०७६।७७ को नगर सभाबाट विनियोजित रु. १४,५०,०००।० अक्षरुपी चौध लाख पचास हजार बजेट नलगाड नगरपालिकाको विनियोजन ऐन २०७६ को दफा ३ को उपदफा (२) बमोजिम तपशिल बमोजिमको योजनाहरुमा बजेट रकमान्तर गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.सं | योजना तथा कार्यक्रमको नाम | स्थान | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | आधारभुत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य एकाई समेत ९ संस्था को कार्यालय व्यवस्थापन खर्च रु. २५,००० को दरले | वडा नं. १, ५, ६, ८, ९, १०, १२, १३ | २,२५,००० | |
| २ | स्वास्थ्य चौकी डाँडागाउँ "क" कार्यालय व्यवस्थापन | वडा नं. २ | १,००,००० | |

| | | | | |
|---|---|---|---|---|
| ३ | स्वास्थ्य चौकी कैना कार्यालय व्यवस्थापन | वडा नं. ३ | ६०,००० | |
| ४ | स्वास्थ्य चौकी लहँ कार्यालय व्यवस्थापन | वडा न. ७ | १,००,००० | |
| ५ | स्वास्थ्य चौकी रग्दा कार्यालय व्यवस्थापन | नगरक्षेत्र | १,००,००० | |
| ६ | स्वास्थ्य चौकी भगवती कार्यालय व्यवस्थापन | | १,४०,००० | |
| ७ | प्राथमिक स्वास्थ्य केन्द्र दल्ली कार्यालय व्यवस्थापन | वडा नं. ४ | ५०,००० | |
| ८ | छरछरे खानेपानी मर्मत योजना | वडा नं. ७ | ८०,००० | |
| ९. | नुनेपहिरो खा.पा. मर्मत योजना | वडा नं. ७ | ८०,००० | |
| १०. | पुदाला देखि तल्लुवगर खानेपानी मर्मत योजना | वडा नं. १२ | ९०,००० | |
| ११. | छेप्का कैना सडक मर्मत सम्भार | वडा नं. ३ | २,८०,००० | |
| १२. | मैदे देखि खगेनकोट, वफेलगाउँ विद्युत विस्तार योजना | वडा नं. ७ | १,४५,००० | |
| | **जम्मा रु** | | **१४,५०,०००** | |

निर्णय नं. ७:

नलगाड नगरपालिकामा आ.व. २०७६।७७ मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट कार्यान्वयन हुने गरी मिति २०७७।०२।२१ को नलगाड नगर कार्यपालिकाबाट स्वीकृत भएको डोल्पा राजमार्ग देखि नलगाड हाईड्रोपावर भवनसम्म सडक स्तरोन्नति योजनाको साविकमा स्वीकृत भएको लागत अनुमान र डिजाईन बमोजिम छोटो समयमा कार्यान्वयनमा जटिलता देखिएकोले उक्त योजनाको लागत अनुमान तथा डिजाईन, नक्सामा परिमार्जन गर्न नलगाड नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ८ :

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट छनौट भएका योजना तथा कार्यक्रम, विभिन्न संघ संस्था, समुह लगायत विभिन्न वर्ग, क्षेत्र र समुदायका व्यक्तिहरुको सुझाव, राजनैतिक दल, कर्मचारीहरुको सल्लाह सुझाव, स्थानीय आवश्यकता तथा प्राथमिकता, वडा समितिबाट प्राथमिकिकरणमा परेको योजना तथा कार्यक्रम, विभिन्न विषयगत समितिहरुको सुझाव, नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७७।७८ को वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिस लगायतको आधारमा तयार गरिएको आर्थिक वर्ष

प्रशासकीय अधिकृत

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश, नेपाल

बहादुर रावल नगर प्रमुख

२०७७।७८ को **नलगाड नगरपालिकाको वार्षिक विकास कार्यक्रम** पारित गरि स्वीकृतिको लागि नलगाड नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ९ :

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, विभिन्न राजनैतिक पार्टी, विज्ञहरु, कर्मचारीहरुको सल्लाह सुझाव, स्थानीय आवश्यकता तथा प्राथमिकता, विभिन्न विषयगत समितिहरुको सुझाव र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिस समेतको आधारमा नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७७।७८ को **वार्षिक नीति तथा कार्यक्रम** नगर कार्यपालिकाबाट पारित गरि स्वीकृतिको लागि नलगाड नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १०:

नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७७।०३।०२ मा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम ( सञ्चालन कार्यविधि) नियमावली, २०७६ को तेश्रो संसोधन तथा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ५६८ मिति २०७७।०३।०७ को पत्रानुसार तथा आ.व. २०७६।७७ मा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट नलगाड बहुमुखी क्याम्पस भवन निर्माण योजनामा विनियोजित रु. ४९,५०,०००।० अक्षरुपी उनान्पचास लाख पचास हजार मात्र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतमा उजुरी भई अनुसन्धानको प्रक्रियामा रहेकोले उक्त कार्यान्वयन हुन नसकेको योजनाबाट तपशिल बमोजिम बजेट विनियोजन गरी कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारमा खर्च गर्ने गरी नलगाड नगरपालिकाको **कोरोना संक्रमण, रोकथाम तथा उपचार कोषमा** जम्मा गर्नको लागि सम्वन्धित निकायमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरीयो ।

तपशिल

| क.सं | खर्च शीर्षक | बजेट रु. | कैफियत |
|---|---|---|---|
| १. | आईसोलेशन तथा क्वारेन्टाईनमा खटिने जनशक्ति परिचालन | १२,००,००० | |
| २. | खाद्यान्न तथा औषधी उपकरण औजार व्यवस्थापन | २०,००,००० | |
| ३. | क्वारेन्टाईन तथा आईसोलेशन व्यवस्थापन | १७,५०,००० | |
| | जम्मा रु. | **४९,५०,०००** | |

प्रमुख प्रशासकीय अधिकृत

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश, नेपाल

टेक बहादुर रावल
नगर प्रमुख